नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, बझाङ

Website: www.piubajhang.pmamp.gov.np
Email: pmamp.piu.bajhang@gmail.com

प.सं. ०८३/८४
च.नं.

## कृषि तथा पशुपन्छी उधमशीलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्वन्धी सुचना।

सूचना नं. ३

(प्रथम पटक सूचना प्रकाशन मिति:२०८३/०५/०२)

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बझाङको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल वमोजिमको कृषि तथा पशुपन्छी उधमशीलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि, वन तथा पर्यावरण मन्त्रालयवाट स्वीकृत "कृषि तथा पशुपन्छी उधमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२" बमोजिम योग्यता पुगेका इच्छुक कृषि उधमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले ३०(तिस) दिन भित्र अर्थात (मिति २०८३/०५/३१ गते बुधबार कार्यालय समय भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइमा सुचिकृत भई अनुसूची-२ अनुसारको ढांचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्वन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने वाली/वस्तुहरु | लक्ष्य (पटक) | बजेट (रु.लाख) | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उधमशीलता विकास कार्यक्रम | १६-४० वर्ष उमेर समूह भित्रका युवा कृषक वा कृषि उधमी | जिल्लाभरि | कृषि तथा पशुपन्छी उधमशीलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८२ दफा ४ मा उल्लेख भए बमोजिम | १६ | ६४.० | प्रस्तावको कुल लागतको बढीमा ५०% वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोहे रकम अनुदान स्वरूप बैंक खातामा भुक्तानी गरिने। |

कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु/क्रियाकलापहरु (कार्यविधिको दफा ४ वमोजिम):

१.तरकारी व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण
२. तरकारीको बिउ, बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण
३.दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकर, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात
४.च्याउ बिउ उत्पादन, च्याउ प्रशोधन र बजारीकरण
५.मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण
६.अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण
७.मौरीपालन व्यवसाय र मह प्रशोधन
८.जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथानेबालीको उत्पादन, प्रशोधन तथा बजारीकरण
९.प्रांगारिक, गडयौली मल उत्पादन तथा बजारीकरण
१०.खाधान्नको बिउ उत्पादन तथा प्रशोधन
११.फलफूल प्रशोधन र बजारीकरण
१२.व्यवसायिक पशुपन्छी, मत्स्यपालन उत्पादन र प्रशोधन
१३.प्रांगारिक कृषि वस्तु निर्यात
१४.घाँसबाट हे(Hay), साईलेज(Silage) तथा हेलेज(Haylage) उत्पादन व्यवसाय

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production,
Path to Self-Sufficiency"

चरित्र नारायण यादव
कार्यालय प्रमुख

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाइ, बझाङ

Website: www.piubajhang.pmamp.gov.np
Email: pmamp.piu.bajhang@gmail.com

प.सं. ०८३/८४
च.नं.

१५.ग्रिन हाउस भित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण
१६.जैविक विषादी, प्रांगारिक विषादी, वनस्पतीजन्य विषादी उत्पादन प्रशोधन तथा बजारीकरण
१७.साना तथा मझौला खालको कोल्ड च्याम्बर स्थापना तथा संचालन
१८.वागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बिउ र बिरुवा उत्पादन गर्ने व्यवसाय

<u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१.कार्यक्रम संचालन सम्वन्धी निर्दिष्ट ढांचा बमोजिमको प्रस्ताव(अनुसूची-२ को निवेदन र अनुसूची-३ अनुसार प्रस्ताव ढांचा)
२.निवेदकको व्यक्तिगत तथा तीनपुस्ते विवरण खुल्ने कागजातहरु(नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
३. कार्यक्रम संचालनको लागि जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए जग्गाधनीसंग कम्तीमा५ वर्ष र प्रशोधन तथा भण्डारणसंगसम्वन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षको लागि गरिएको सम्झौताको प्रतिलिपि
४.उधम वा व्यवसाय दर्ता भएको भएमा सम्वन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्वन्धी अन्य कागजातहरु
५.स्थायी लेखा नं.(PAN) प्रमाणपत्रको प्रतिलिपि
६.सहकारी संस्था/कृषक समूहको सदस्य भएमा सम्वन्धित सहकारी संस्था/समूहको सिफारिस पत्र।

<u>थप जानकरी तथा आवश्यक सहजीकरणका लागि:</u>

का.का.ए.,चैनपुर,बझाङ कार्यालयको सम्पर्क नं.: ०९२-४२१३०४
सम्झना कठायत, (ना.प्रा.स.): मो.नं.: ९८४४६७८१७०
कमल वहादुर खड्का, (ना.प्रा.स.): मो.नं.: ९८६८५९०४६३
जुनकला साँउद, (ना.प्रा.स.): मो.नं.: ९८४१६७१४९९



चरित्र नारायण यादव
कार्यालय प्रमुख